'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान' www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : २१ आइतबार ३० भदौ, २०८१ 15 (Sunday) September 2024 पृष्ठ ४, मूल्य रु : १०।-

# संसदमै उठ्यो बाँके, बर्दियालाई कर्णालीमा गाभ्ने मुद्दा

• नमस्ते समचारदाता
सुर्खेत, भदौ/२९





वर्तमान प्रदेश संरचनमा लुम्बिनी प्रदेशभित्र पर्छन्, बाँके र बर्दिया । यी दुई जिल्ला देश संघीय संरचनामा जानुपुर्व मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत नै थिए । बाँके (नेपालगन्ज) त मुकाम नै थियो । प्रदेश विभाजन हुँदा भने यी जिल्ला लुम्बिनीमा गाभिए । बेलाबेलामा बाँके, बर्दियालाई कर्णालीमा गाभ्ने मुद्दा उठ्ने गरेको छ । पटकपटक भने यो मुद्दा संसदमा बेलाबेलामा उठ्ने गरेको छ । पछिल्लोपटक बाँके क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद सुर्य ढकालले प्रतिनिधि सभामा यो विषय उठान गरेका छन् । संसदमा शून्य समयमा बोल्दै उनले बाँके, बर्दियालाई कर्णालीमा गाभिनुपर्ने बताए । ञयो सरकार संविधान संशोधन गर्ने प्रयासमा छ । संविधान गतिशील पनि छ, सांसद ढकालले भने, समय, काल, परिस्थिति र जनताको आवश्यकता अनुसार संविधान संशोधन हुनुपर्छ । बाँके र बदर्दियालाई कर्णालीमा गाभ्न सरकारको ध्यानाकर्षण गराउँदछु । यो मुद्दाको उठान गर्नेमा अग्रणी स्थानमा छन्, तत्कालीन नेपालगन्ज उपमहानगरपालिकाको नगर प्रमुख डा. धवलशमशेर राणा । बाँके र बर्दियालाई कर्णालीमा गाभ्न राणाले पहिला एक्लै बहस चलाएका थिए । उनको संयोजकत्वमा १७ सदस्यीय समन्वय समिति पनि गठन भएको थियो । त्यतिबेला राणाले भनेका थिए, 'यो एउटा लामो लडाइँ हो । तीन महिना पनि हुन सक्छ, १३ वर्ष पनि लाग्न सक्छ । तर, हामी निरन्तर यो अभियानका लागि सक्रिय रहन्छौँ । बाँके र बर्दियालाई कर्णाली प्रदेशमा समावेश गर्न अभियान पूरा नभएसम्म निरन्तर लाग्छौं ।' उनले यसलाई प्राथमिकताका साथ उठाउने गरेका छन् । बाँके क्षेत्र नम्बर २ बाट भारी मतले निर्वाचित उनै राणा अहिले संघीय संसद्मा छन् । जुम्लाबाट सांसद चुनिएपछि राप्रपाका नेता ज्ञानेन्द्र शाहीले यश विषयमा आफ्नो अभिव्यक्ति दिएका थिए । कोहलपुरमा आयोजित कार्यक्रममा उनले भनेका थिए - बाँके र बर्दियालाई कर्णालीमा गाभ्न मेरो प्रयास रहनेछ । बाँके र बर्दियालाई कर्णालीमा गाभे तराई, पहाड र हिमालको संगम प्रदेश हुन्छ । बाँके र बर्दिया कर्णालीमा जोडिए सुर्खेतलाई केही व्यावसायिकरूपमा घाटा लाग्ने र राजनीतिक हिसाबले यहाँका नेताको पहुँच हुने हुँदा बाँके र बर्दियालाई कर्णालीमा गाभ्न केही राजनीतिक नेतृत्व नै पछाडि हटेको उनको भनाइ छ । उक्त अवसरमा उनले देशको शासकीय संरचना माथि नै प्रश्न उठाए।

*बाँकी ३ पेजमा...*

# प्रदेश अस्पतालमा एमआरआई मेसिन जडान

• नमस्ते समचारदाता
सुर्खेत, भदौ/२९



कर्णाली प्रदेश अस्पताल सुर्खेतमा अत्याधुनिक एमआरआई मेसिन जडानपछि सञ्चालनमा ल्याइएको छ । एमआरआई मेसिनबाट गत वर्ष भदौ महिनादेखि बिरामीको उपचार सेवा सुरू गरिएको थियो । तर औपचारिक रूपमा उद्घाटन भने शुक्रबारदेखि गरिएको हो । अस्पतालका निर्देशक डा. डम्बर खड्काका अनुसार यो मेसिनलाई नेपालकै उत्कृष्ट र अत्याधुनिक प्रविधिको मानिएको छ । सुर्खेतमै एमआरआई मेसिनबाट उपचार सेवा सुरु भएपछि महँगो खर्च गरेर सुर्खेतबाहिर जानुपर्ने बाध्यता अन्त्य भएको छ । डा. डम्बर खड्काका अनुसार हाल यो मेसिनबाट दैनिक आठ जनासम्म बिरामीको उपचार गरिँदै आएको छ । २५ देखि ३५ जनालाई दैनिक जाँच गर्न सकिने यो मेसिन आर्टिफिसियल इन्टेलिजेन्स (एआइ) सहितको आवाजविहीन उच्च गुणस्तरको छ । मेसिन सञ्चालनमा आएसँगै आवश्यक परेको खण्डमा २४ सै घण्टा अस्पतालले सेवा दिन सक्नेछ । देशका अन्य अस्पतालमा एमआरआई सेवा लिएका बिरामीको रिपोर्ट आउन करिब एक हप्ता लाग्छ । मेसिन जडानसँगै प्रदेश अस्पताल सुर्खेतमा चिकित्सकले एकै दिनमा रिपोर्ट दिन सक्नेछन् । संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश अस्पताल सुर्खेतलाई एमआरआई मेसिन खरिदको लागि बजेट उलब्ध गराएको हो । पाँच वर्ष ग्यारेन्टी भएको मेसिन नेपाली रुपैयाँ २९ करोड ७१ लाख परेको छ । मेसिन २०२३ मा निर्मित भएर परीक्षण गरिएको थियो । एमआरआईले नरम तन्तुलाई स्पष्टसँग देखाउने गर्छ । अत्याधुनिक एमआरआईमा पेट, स्तन, मुटुको समस्यासमेत पहिचान गर्न सकिन्छ । मेसिन उद्घाटन गर्दै मुख्यमन्त्री कँडेलले कर्णालीका बिरामीको विश्वास जित्ने गरी एमआरआई सेवा दिन निर्देशन दिए । अस्पतालको सामान्य गल्तिले बिरामी र आम नागरिकमा ठुलो असर पर्नसक्ने भन्दै सेवा दिदाँ ध्यान दिन मुख्यमन्त्री कँडेलको सुझाब छ । प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले प्रदेश सरकार अस्पतालको साथमा रहेको र आवश्यक परे सहयोग गर्ने भन्दै गुणस्तरीय सेवा प्रवाहमा जोड दिन निर्देशन दिए।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# बाँकेमा धानजोन परियोजनाद्वारा २ हजार ३०० हेक्टरमा खेती

• नमस्ते समचारदाता
बाँके, भदौ/२९



बाँकेमा विगत तीन वर्षदेखि 'धानजोन परियोजना' लागू भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ बर्दियाले 'धानजोन परियोजना' बाँकेका तीन गाउँपालिकामा लागू गरेको हो । बाँकेको जानकी, खजुरा र बैजानाथ गाउँपालिकाको ११ वटा वडाका दुई हजार तीन सय हेक्टर जमिनमा धानखेती गरिएको परियोजनाका कृषि अधिकृत गणेश यादवले बताए। 'हामीले धानको मूल बीउ उत्पादनका लागि बाँकेका तीनवटा गाउँपालिकामा यो परियोजना लागू गरेका हौँ', उनले भने, 'यो परियोजनाले धानखेतीका लागि सिँचाइ, कृषियान्त्रिकीकरण, बीउबिजन र प्राविधिक सहयोग गर्दै आएको छ ।' यादवका अनुसार जानकी गाउँपालिका-२ वनकटवाको ग्रिन नेपाल कृषि फर्म र सोही पालिकाकै वडा नं ३ रामवापुरको बैष्णो कृषि फर्ममार्फत १० हेक्टर क्षेत्रफलमा धानको मूल बीउ उत्पादनका लागि खेती गरिएको छ । धानको अवस्था बुझ्न कृषि प्राविधिकहरूले १० हेक्टर क्षेत्रफलमा लगाइएको धानको अनुगमन गरेका छन् ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# दिगो विकासमा विकास अध्ययन



गोपीकृष्ण ढुंगाना

विश्व यतिबेला जलवायु परिवर्तनका कारण वातावरणीय चुनौतीहरूमा मात्र रुमलिएको छैन, सँगै सामाजिक एवं अर्थतन्त्रका अनेक चुनौतीको सामना गरिरहेको छ। विषय वा क्षेत्र फरक भए पनि यी तीन आपसमा अन्तरसम्बन्धित छन्। यहींनेर विकास अध्ययन आवश्यक देखिन्छ। यदि विश्वमा भएको समग्र विकासको पूर्वयोजना हुन्थ्यो, त्यसको गहिराइमा पसेर काम हुन्थ्यो वा सो कार्यका लागि योग्य र दक्ष जनशक्ति हुन्थे अनि दिगो विकासको प्रक्षेपण गरेर काम हुन्थ्यो भने यी समस्या पक्कै सामना गर्नुपर्ने थिएन आज। गरिबी, असमानता, शासनजस्ता विश्वव्यापी मुद्दाहरूको मूल्यांकन गर्ने हो भने सबैजसो मुलुकमा अनेक समस्या भेटिन्छन् नै। तर, सामाजिक एवं आर्थिक मामिलामा स्थिरता कायम गर्दै आर्थिक वृद्धिलाई सन्तुलित गर्न सकियो भने यी मुद्दाले फैलिने अवसर नै पाउँदैनन्। यसका लागि विकास अध्ययन आवश्यक छ, जसले विकासका रणनीतिहरूलाई निश्चित आकार दिन्छन् र राजमार्ग तय गरी विकासका अनेक क्षेत्रमा परिणामहरू प्रदान गर्छन्। समग्र विकासमा विकास अध्ययनको भूमिका : कुन राष्ट्रले कसरी विकास गरे भनेर जान्नु बुझ्नु एउटा पक्ष। जुन सीधा तरिका हो तर कुन कुन राष्ट्रले विकासका क्रममा के कस्ता अवरोधको सामना के कसरी गरे भन्ने बुझ्न सकियो भने विकास रणनीतिहरू बनाउन र दिगो विकास गर्न सहज हुनेछ। जसका लागि सोहीअनुसार भूगोल, राजनीति, परियोजना व्यवस्थापन, सहरी योजना, खाद्य सुरक्षा, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरणीय नीतिनियम, समाजशास्त्र, दिगो विकास व्यवस्थापन र विकास-अर्थशास्त्र आदिको अध्ययन गर्ने गराउने काम हुन्छ। यसबाट देशको दिगो विकासका लागि दक्ष जनशक्ति तयार पार्न सहज हुनेछ। धेरैले जीडीपी बढाउनुलाई विकास बुझ्छन्। तर नागरिकको गुणस्तरीय जीवनशैली, उसले पाउने सामाजिक न्याय, आर्थिक रूपमा अब्बल र भावी पुस्ताका लागि प्राकृतिक स्रोतहरू एवं सांस्कृतिक (सम्पदासमेत) रूपमा गर्व गर्न सक्ने आदि आधार तयार पार्नु समग्र विकास हो। यो यही अध्ययनले बताउँछ। आमबुझाइबारे बहस गर्ने हो आर्थिक वृद्धि नै विकासको अब्बल सूचक हो। तर, होइन। खासमा विश्व परिवेश चिहाउने हो भने यतिबेला विकास अध्ययनले 'विकासको बहुआयामिक प्रकृति'मा ध्यान केन्द्रित गरिरहेको छ। आर्थिक वृद्धिमात्रैले त आज विश्वले सामना गरिरहेका समस्याहरूको जरोमा पुगेर समाधान गर्नै सक्दैन। हेर्दाहेर्दै यतिबेला विभिन्न किसिमका प्रदूषण, वन विनाश र जलवायु परिवर्तनले निम्त्याएका जोखिमहरूले दिगो विकास (समृद्धिसमेत)का आधारहरूलाई कमजोर पारिरहेका छन्। विकास अध्ययनहरूले यी सबैलाई सम्बोधन गर्न सक्छ भनेर सन् १९९७ मा रोबर्ट च्याम्बर्सले 'हुज रियालिटी काउन्टस् ? पुटिङ द फस्ट लास्ट' शीर्षकको लेखमा लेखेका छन्। घटना अध्ययन (केस स्टडिज)हरू जसले सिकाउँछ 'ग्लोबल साउथ'बाट पाठः नेपालसँगै बंगलादेश, केन्या आदि देशहरू जो विकासको अभ्यास गरिरहेका छन्, जसबाट विश्वका देशहरूले पाठ सिकिरहेका छन्। ग्लोबल




साउथमा पर्ने यी र अन्य देशले गरिबी र वातावरणीय ह्रासजस्ता जटिल समस्यालाई सामना गर्न गरिरहेको प्रयास राम्रो मानिएको छ। जसले स्थानीय रैथाने ज्ञानलाई वैज्ञानिक विशेषज्ञतासँग मिसाउँदै समुदायमा आधारित रणनीतिहरू तय गरी लागू गरेको पाइन्छ। सन् २००७ मा एन. श्रेष्ठ र पी. म्याक्मानुसले 'द पोलिटिक्स अफ कम्युनिटी फरेस्ट्री इन नेपालः पर्सिस्टेन्स एन्ड चेन्ज इन कम्युनिटी बेस्ड नेचुरल रिसोर्स मेनेजमेन्ट' शीर्षकमा लेखेका छन्, 'जस्तो, नेपालको सामुदायिक वनसम्बन्धी पहलले स्थानीय समुदायहरूलाई उनीहरूलाई वन स्रोतहरू व्यवस्थापन गर्न, दिगो जीविका प्रवर्द्धन गर्न र वातावरण संरक्षण गर्न योगदान गरेको छ।' नीति निर्माणमा विकास अध्ययनको भूमिकाः काम गरेरमात्र सही परिणाम मिल्छ भन्ने छैन। सही सोच, सोचलाई सही आकार, समयमै भाविष्यका सम्भावना र समस्या विचार गरेर बनाउने योजना वा ल्याउने आयोजना र कार्यशैलीमा 'स्मार्टनेस' आदिले मात्र समयमै र गुणस्तरीय परिणाम हासिल हुने हो। यसका लागि विकास अध्ययनको भूमिका अपरिहार्य हुन्छ। यसैबाट नीति निर्माणमा सहयोग पुग्छ। विकास अध्ययनहरूले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरहरूमा नीति निर्माणलाई सूचित गर्छन्। विकासका विभिन्न 'मोडेल'को विश्लेषण गर्ने, अनुसन्धानमार्फत समतामूलक विकासलाई बढावा दिने आदि अनेक काममा मार्गप्रशस्त गर्न यस अध्ययनको महत्त्व मानिन्छ। संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यहरू (एसडीजीज)लाई आकार दिन मुख्य भूमिका खेलेको पाइन्छ। सन् २०३० सम्म एसडीजीजमार्फत यसको १७ नम्बरमा गरिबी उन्मूलन गर्ने, शान्ति प्रवर्द्धन गर्ने र वातावरणीय दिगोपनलाई सुनिश्चित गर्ने विश्वव्यापी उद्देश्य राखेको छ। विकास अनुसन्धानकर्ताहरूले शिक्षा, स्वास्थ्य र लैंगिक समानताजस्ता मुख्य सूचकको तथ्यांक विश्लेषण गरेर नीति निर्मातालाई सहयोग पुऱ्याइरहेका छन्। विकासका समस्याहरू र विकास अध्ययनको भविष्यः विकास अध्ययनले विश्वव्यापी विकासलाई महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ। कुन देशका लागि कस्तो विकास ढाँचा (डेभलपमेन्ट मोडेल) तय गर्ने भन्ने प्रश्नको मूल आधार नै विकास अध्ययन हो। गहन र व्यापक अनुसन्धानबिना कुनै पनि देशले आफ्नो विकास ढाँचा तय गर्न सक्दैनन्, गरिहाले भने पनि त्यो दिगो विकासभन्दा बाहिर हुनेछ। थुप्रै देश असफल हुनुको एउटा कारण पश्चिमी देशको विकासलाई जस्ताको तस्तै लागू गर्नु नै हो। आफ्नो देशको भूगोल, इतिहास, संस्कृति, समाज र अर्थव्यवस्था आदिको अध्ययन र अनुसन्धान नै नगरी विकास ढाँचा तय गर्नु सरकार प्रमुख असफल हुने कारक हो, देश असफल हुने कारक हो। जसलाई सम्बोधन गर्न थप समावेशी दृष्टिकोणसँगै स्वदेशी ज्ञान र स्थानीय समाधान पनि चाहिन्छ, यो विकास अध्ययनले दिन्छ। यसबाहेक विकास अध्ययनले लेखको सुरुमा भनिएका सबैजसो चुनौतीसँग अनुकूलन हुन सिकाउँछ। साथै, नवीन अनुसन्धान विधिहरूबाट एकीकृत पहल र प्रयासमार्फत आफ्ना र आमसमस्या समाधान गर्न विकास अध्ययन आवश्यक देखिएको छ जसले विभिन्न देशलाई विभिन्न नयाँ दृष्टिकोणहरू प्रदान गरिसकेको छ। नेपालको सन्दर्भमा विकास अध्ययन कमजोर देखिन्छ। दिगो विकास गर्न अनुसन्धान अत्यावश्यक छ भन्ने आमबुझाइ हुनुपर्ने, अझ सरकारको नेतृत्व गर्नेहरूलाई बढी महसुस हुनुपर्नेमा त्यो हुन सकेको छैन। वर्तमानको गलत भाष्य चिर्न पनि नेपालका क्याम्पस र विश्वविद्यालयहरूमा विकास अध्ययनलाई प्राथमिकतामा राख्नुपर्ने अवस्था छ। धन्य, नेसनल कलेज, काठमाडौंले २५ वर्षदेखि यो 'विकास अध्ययन' कोर्सलाई निरन्तरता दिइरहेछ। जुन कोर्स पढ्न जर्मनी, अस्ट्रेलिया, स्विट्जरल्यान्ड, भारत, बंगलादेश, भुटान, श्रीलंका, पाकिस्तानलगायत देशका विद्यार्थी आउनु नेपालकै लागि गौरवको विषय हो। कम्तीमा यसले उत्पादन गरेका सयौं विद्यार्थीले विभिन्न क्षेत्रको प्रतिनिधित्व गरेर विकासका आयाममा इँट त थपिरहेका छन्। निष्कर्षः हरेक देशलाई दिगो विकास चाहिएको छ। अझ 'ग्लोबल भिलेज'को अवधारणाले सबै देश एउटै गाउँमा परिणत भइरहँदा अब हामीले साझा मुद्दालाई समातेर दिगो विश्वको परिकल्पना गरेर अघि बढ्नुपर्ने देखिन्छ। विभिन्न देश र तिनका समाजले सामना गरिरहेका नयाँ नयाँ चुनौतीहरूको सामना गर्न विकास अध्ययनले दिने नयाँ दृष्टिकोणले पक्कै पनि तत्तत् देशका नागरिक लाभान्वित हुनेछन्। नेपालले पनि विश्व परिवेश नियाल्दै देश विकास कसरी गर्ने अनि आफूलाई कहाँ र कसरी राख्ने ताकि विश्वको आँखा नेपालमा परोस् भन्ने टुंगो लगाएर तत्काल सोहीअनुसार कार्ययोजना बनाउँदै समग्र विकास गर्नुपर्ने हुन्छ।

*– अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।

छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु

# अविरल वर्षाले बाटो भत्किँदा दुई दिनदेखि विद्यालय बन्द




• नमस्ते समचारदाता
हुम्ला, भदौ/२९

हुम्लाको सिमकोट गाउँपालिका-८ साँता गाउँमा रहेको बलभद्र निम्न माध्यमिक विद्यालय दुई दिनदेखि बन्द भएको छ । जिल्लामा निरन्तर वर्षा भएर विद्यालय जाने साँता गाउँ नजिकको बाटो पहिरो आएर भत्किँदा विद्यार्थी उपस्थित नहुँदा विद्यालय बन्द भएको हो । बाटो भत्किँदा सिमकोट-८ याङ्गु गाउँका विद्यार्थी दुई दिनदेखि विद्यालय जान नपाएका हुन् । भारी वर्षा भएर बिहीबार र बुधबार दुई दिन यहाँका विद्यार्थी विद्यालय जान नपाएको बलभद्र निमाविका शिक्षक पेमाथुकेत तामाङले बताउनुभयो । याङ्गुबाट विद्यालय जानेबिच क्षेत्रको बाटो भत्किएको हो । विद्यालयमा विद्यार्थी उपस्थित नभएपछि उनीहरूको पठनपाठन प्रभावित हुनुका साथै विद्यालय बन्द भएको हो । आवतजावत गर्न नमिल्ने भएपछि विद्यार्थी विद्यालयमा उपस्थित नभएपछि बन्द गरिएको हो । पढ्न आउने विद्यार्थी बाटो अवरुद्ध हुँदा समस्यामा परेको स्थानीयले बताएका छन् । बाटो अवरुद्ध हुँदा विद्यार्थीलाई मात्रै नभएर दैनिक आवतजावत गर्ने यहाँका स्थानीयलाई समेत समस्या भएको छ । विद्यालयको माथि पट्टिको भाग पनि जोखिमयुक्त हुँदा विद्यालय नै बन्द गर्नुपरेको उहाँले बताउनुभयो । पानी परेको समय विद्यालय भत्किने डर हुने हुँदा पनि विद्यालय बन्द गर्नु पर्ने बाध्यता रहेको उहाँले बताउनुभयो ।

# सरकारी र निजी शिक्षाबीचको विभेद अन्त्य गर्नुपर्छः राजेन्द्र लिङ्देन

• नमस्ते समचारदाता
झापा, भदौ/२९




राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले शिक्षा क्षेत्रमा भइरहेको विभेद अन्त्य गर्न लागिपर्ने धारणा राखेका छन् । बाल दिवसका अवसरमा आज बाल सञ्जाल भद्रपुर-७ द्वारा यहाँ आयोजित 'विद्यार्थीहरूसँग सांसद कार्यक्रम'मा उनले सरकारी र निजी शिक्षाबीचको विभेद अन्त्य गरिनुपर्ने बताएका हुन् । 'अहिलेको शिक्षा नियमावलीका कारण भइरहेको विभेद अन्त्य गर्न अर्को ऐन संसद्मा छलफलकै क्रममा छ,' अध्यक्ष लिङ्देनले भने,'बालबालिकाले दुई थरीको शिक्षा पाउने अवस्था अन्त्यका लागि आफ्नो तर्फबाट दत्तचित्त भएर लागिपर्ने प्रतिबद्धता जनाउँछु ।' सरकारी उदासीनताका कारण वर्तमान शिक्षा प्रणालीमा परिवर्तन हुन नसकेको बताउँदै उनले अबको पुस्ता नेपालमै बस्ने वातावरण बनाउन सोहीअनुसारको शिक्षा जरुरी रहेकामा जोड दिए । कार्यक्रममा भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेलले पछिल्लो समय बालबालिका लागुऔषधको दुर्व्यसनमा फस्न थालेकाले यसप्रति सबै सजग हुनुपर्ने आवश्यकता औँल्याए । भद्रपुर-७ बाल सञ्जालका अध्यक्ष नवीन तिम्सेनाको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण नगर युवा परिषद्का अध्यक्ष आरोग्य तिम्सेनाले गरेका थिए । भद्रपुर नगरक्षेत्रमा २२ हजार नौ सय ७५ जना बालबालिका रहेका छन् ।

## संसदमै...

राज्य संरचना गर्दा बाँके र बर्दियालाई अलग बनाइएको भन्दै कर्णालीसँग गाभ्न पहल थाल्नुपर्ने उनको भनाइ छ । यो विषयमा राप्रपाका महामन्त्रीसमेत रहेको राणा र प्रवक्ताको जिम्मेवारी पाएका शाही एकमत छन् । उनी दुवैजना संसद् छन् । बाँके र बर्दियालाई कर्णालीमा गाभ्ने विषयमा यहाँका निजी क्षेत्र पनि सहमत छ । कर्णालीमा उत्पादन राम्रो हुने र बाँके र बर्दियामा बजारीकरण गर्ने सकिने कोहलपुर उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मणराज पौडेलले बताए ।

# दुई दिनदेखि अवरुद्ध हुम्लाको हवाई सेवा सुचारु

• नमस्ते समचारदाता
हुम्ला, भदौ/२९




दुई दिनदेखि अवरुद्ध हुम्लाको हवाई सेवा सुचारु भएको छ । शनिबार बिहानबाट मौसममा सुधार आएसँगै हवाई सेवा सुचारु भएको हो । बिहीबारबाट अवरुद्ध हवाई सेवा सुचारु भएको समिट एयर सिमकोटका इन्चार्ज गोविन्द लामाले बताए । बिहीबार र शुक्रबार बिहानैबाट विमान नेपालगञ्जबाट सिमकोट उडानका लागि तयारी अवस्थामा रहेको भए पनि लगातार वर्षा भइरहेका कारण उडान हुन सकेको थिएन । शनिबार भने नेपालगञ्जबाट सिमकोटका लागि तीन वटा उडान भएको छ । सीता एयरले दुई र समिट एयरले एक उडान भरेको छ ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अबं तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक
भित्ते घडी
यतिमात्र होईन...
साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# भदौं ३१ गते बजेट ल्याउँदै सुदूरपश्चिम



• नमस्ते समचारदाता
धनगढी, भदौ/२९

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले यही भदौं ३१ गते बजेट ल्याउने बताएका छन् । शनिबार पत्रकार सम्मेलन गर्दै मुख्यमन्त्री शाहले भदौ ३१ गते बजेट ल्याउने बताएका हुन् । तत्कालीन सरकारले गत असार १ गते प्रदेश सभामा पेस गरेको बजेटमा सामान्य पुनरावलोकन गरेर चालु वर्षको बजेट ल्याउने उनले बताए । संवैधानिक र कानुनी प्रक्रियामा रहेर नै बजेट आउँछ,' शाहले भने,' यसअघिकै नीति तथा कार्यक्रम सदनबाट पास भइसकेकाले त्यसैको आधारमा नै बजेट आउँछ ।' सरकारले बनाएको मापदण्डका आधारमा बजेट ल्याइने शाहको भनाइ छ । सरकारले २५ लाख भन्दामाथि सिलिङ कायम गरी योजना छनोट गर्ने, कम बजेट विनियोजन गर्नुपर्ने योजना सशर्त अनुदानको रूपमा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने, प्रदेश सरकारबाट व्यक्ति, समूह, संस्था, निजी फर्म, कम्पनी र सहकारीलाई बजेट तोकेर विनियोजन नगर्ने र प्रदेश सरकारबाट कार्यान्वयन हुने कुनै पनि योजना उपभोक्ता समितिमार्फत नगरिने मापदण्ड बनाएको छ । तत्कालीन मुख्यमन्त्री दीर्घबहादुर सोडारी नेतृत्वको सरकारले असार १ गते प्रदेश सभामा बजेट पेस गरेको थियो तर राजनीतिक समीकरण फेरिएपछि बजेट पारित हुन सकेको थिएन ।

# लागुऔषध कारोबारमा संलग्न पाँच पक्राउ

• नमस्ते समचारदाता
कैलाली, भदौ/२९



कैलाली प्रहरीले चार ग्राम २१० मिलिग्राम लागुऔषध खैरो हिरोइनसहित पाँच जनालाई पक्राउ गरेको छ । लागुऔषध बिक्री भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सडकपुर बाट खटेको प्रहरी टोलीले बर्दगोरिया गाउँपालिका - २ बौनियाँका ४० वर्षीय रामबहादुर चौधरीको घरको कोठाबाट उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा चौधरीसहित सोही ठाउँका २९ वर्षीय राधेश्याम डङ्गौरा, २६ वर्षीय रतिराम डङ्गौरा, वडा नम्बर ३ रानीकुण्डाका २४ वर्षीय ज्ञानेन्द्र विक र लम्कीचुहा नगरपालिका-८ का ३० वर्षीय जनक बडुवाल छन् । कोठामा खानतलासी गर्दा लागुऔषधसहित डिजिटल तराजु एक थान, कैंची र नगद सात हजार ५५० रुपियाँ फेला पारेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कवीन्द्रसिंह बोहराले जानकारी दिनुभयो । पक्राउ परेका पाँचै जनालाई इलाका प्रहरी कार्यालय सुखड्को हिरासत कक्षमा राखेर थप अनुसन्धानको काम भइरहेको जनाइएको छ ।

# टरिगाउँ विमानस्थलबाट अब मंगलबार पनि उडान हुने

• नमस्ते समचारदाता
दाङ, भदौ/२९

दाङको टरिगाउँ विमानस्थलमा अब मङ्गलबार पनि हवाई उडान हुने भएको छ । यसअघि प्रत्येक शुक्रबार मात्रै उडान हुँदै आएकामा नेपाल एयरलाइन्सले आगामी सातादेखि मङ्गलबार पनि उडान हुने भएको नेपाल वायुसेवा निगमका दाङ प्रमुख बलबहादुर सुनारले जानकारी दिए । उनका अनुसार अब यस विमानस्थलबाट शुक्रबार दिउँसो १२ बजे र मङ्गलबार दिउँसो २ बजे उडान भर्नेछ । दसैं तथा तिहारलगायतका चाडपर्वलाई लक्षित गरी उडान बढाइएको प्रमुख सुनारले बताए ।

# २५ वर्षदेखि घुमन्ते व्यापारमा रमाएका 'काफ्ले बा'

• नमस्ते समचारदाता
पाल्पा, भदौ/२९



बिहान उज्यालो हुनासाथ पिँठ्युमा कपडा बोकेर व्यापारका लागि गाउँ पस्ने जुम्लाका 'काफ्ले बा' अर्थात् शिव काफ्लेको दिनचर्या हो । गाउँमा उकालो ओरालो गर्दा कपडाको भारीले जिउ थकित भए पनि उनको अनुहार जहिल्यै हँसिलो हुन्छ । जुम्लाको कनकासुन्दरी गाउँपालिका-८ सिञ्जाका काफ्ले झण्डै डेढ दशकदेखि रामपुर र यसका आसपासमा कपडाको व्यापार गरिरहेका छन् । हरेक दिन ढाका टोपी, इष्टकोटमा सजिएर पिठ्युँमा राडीपाखी, गलैँचा बोकेर गाउँगाउँ पुग्छन् । जुम्लामा उत्पादन भएका राडीपाखी, गलैँचा, स्वीटर बोकेर गाउँका बस्तीमा व्यापार गर्नु उनको दिनचर्या हो । उमेरले पाँच दशक नाघेका काफ्लेलाई घुमन्ते व्यापारले अझै छोडेको छैन । उनी घुमन्ते व्यापार रहरले नभई बाध्यताले गरेको बताउँछन् । अहिले उनी पाल्पाको रामपुरमा कोठाभाडा लिएर यस आसपासका स्थानमा व्यापारका लागि पुग्छन् । उनले शुरुमा करिब पाँच वर्षजति भारतको अलमुढा, नैनताल, बागेश्वर, गढवाल, हिमाञ्चल, पिथरागढ, चम्पाव, डिडिहाटलगायत बजारमा राडीपाखीको व्यापार गरे । नेपाल फर्किएपछि उनी पोखरा, पर्वतको कुश्मा, बुटवल, तानसेनलाई व्यापारको केन्द्र बनाएका छन् । तानसेनमा व्यापार गर्ने क्रममा उनी रामपुर आएका हुन् । 'तानसेनमा व्यापार अलि कम हुन थाल्यो, तानसेनका एक जना बुबाले रामपुर ग्रामीण भेग भएकाले व्यापार व्यवसाय कम छ, त्यहाँका गाउँगाउँमा राम्रो व्यापार हुन्छ', उनले भने, 'म त्यही आशामा २०६८ सालतिर रामपुर आएर व्यापार शुरु गरेको हुँ । अहिलेसम्म पनि यहीँ निरन्तर लागिरहेको छु । रामपुरमा सुरुआतमा राम्रो व्यापार भए पनि पछिल्ला वर्षमा भने व्यापार घटेको उनको भोगाइ छ । रामपुरमा व्यापारिक पसल बढ्दै जादा घुमन्ते व्यापारमा असर पुगेको उनको अनुभव छ । पछिल्लो समय गाउँघरमा हुने मेला महोत्सवले गर्दा पनि व्यापारमा कमी आएको उनको बुझाइ छ । उनको मुख्य व्यापार भनेको राडीपाखी हो । तर अहिले बढी मात्रामा गलैँचा र तन्नाको व्यापार हुन्छ । गाउँमा कहिलेकाहीँ आउने व्यापारीले स्थानीयलाई ठग्दा आफूहरू जस्ता घुमन्ते व्यापारीप्रतिको विश्वास कम भएको उनको अनुभव छ । सुरुआती दिनमा गाउँगाउँमा पुग्दा डर, धम्की भोग्नुपरे पनि अहिले त्यसो नभएको उनी बताउँछन् । 'सबैले आफ्नै परिवारको सदस्यको व्यवहार गर्नुहुन्छ, राम्रोसँग चिन्नुहुन्छ, चलेको दरभाउअनुसार व्यापार गरिरहेको छु । दुई पैसा अहिलेसम्म ठगेर व्यापार गरेको छैन', उनले भने, 'सबैको माया र साथ पाएको छु, यहाँ बस्न ढुक्क छ, कसैको डर, धम्की छैन, त्यही भएर अन्यत्र ठाउँको तुलनामा रामपुरमा धेरै समय बसिरहेको छु ।' उनी राडीपाखीका सामान जुम्लाबाट खरिद गरेर ल्याउँछन् । अन्य सामान काठमाडौँबाट खरिद गरी ल्याउँछन् । राडीपाखी लिन उनी चार-चार महिनामा जुम्ला जान्छन् । महिनामा एक पटक काठमाडौँ पुग्छन् । राडीपाखी विशेषगरी पूजाआजामा प्रयोग गरिने भएकाले बजारका सामानभन्दा राडीपाखी नै ग्राहकले रोज्ने गरेको उनले बताए । राडीपाखी भेडाको ऊनबाट बनेको हुनाले पूजाआजाका लागि चोखो हुन्छ भन्ने विश्वास छ । कक्षा १० सम्म पढेका काफ्ले आफूले दुःख गरेरै भए पनि छोराछोरीको उज्ज्वल भविष्य बनाउने सपना बुनेर गाउँगाउँमा व्यापारमा खटेका छन् । अहिले उनीले रामपुरका अलवा पाल्पाकै पूर्वखोला, रम्भा, बगनासकाली गाउँपालिका, स्याङ्जाको चापाकोट नगरपालिका, मालुङ्गा, मिर्मी, बयरघारी, वालिङ, चिन्नेबास, गल्याङका गाउँसम्म व्यापार गर्छन् । घुमन्ते व्यापारमा उनको साथमा पहिला दुईतीन जना साथी थिए । अहिले भने उनी एक्लै छन् । उनीसँगै व्यापार गर्नेहरू पछिल्ला समय सन्तोषजनक व्यापार नभएपछि यो व्यवसाय छाडेर गएका छन् । लामो समयसम्म रामपुरमा व्यापार गर्दै आएका काफ्लेले अब अर्घाखाँची र गुल्मी जिल्लामा पुगेर व्यापार गर्ने सोच बनाएका छन् । काफ्लेको गाउँ जुम्लाबाट व्यापार गर्ने थलो पाल्पा रामपुर आउन वा रामपुरबाट जुम्ला जान एकतर्फी मात्रै तीन दिनको यात्रा गर्नुपर्छ । जुम्लाबाट शुरु गरेको यात्रा कालिकोट, दैलेख, सुर्खेत, कोहलपुर र बुटवल हुँदै पाल्पा रामपुर आइपुगिन्छ । त्यहाँबाट सामान यहाँसम्म ढुवानी गर्न सहज छैन । पहिले दिनमा २० हजारसम्म कमाइ गर्ने गरेकामा अहिले व्यापार घटेर दिनमा बढीमा चार हजार जति कमाइ हुने गरेको उनी बताउँछन् । ठूलो सपना छैन, सामान्य खाना, लाउन पुगेकामा यसमै खुसीका साथ जीवन बिताइरहेको उनले बताए । काफ्लेको परिवारमा श्रीमती, एक छोरी, दुई छोरा छन् । उनीहरूको पालनपोषण, पढाइ खर्च काफ्लेको काँधमा छ । एक व्यक्तिको घुमन्ते व्यापारको कमाइले परिवारको गुजारा अहिलेसम्म चलेको उनी बताउँछन् । जेठो छोरो स्नातक अध्ययन पूरा गरी अहिले लोकसेवा आयोगको तयारीमा छन् । कान्छो छोरो एसईई उत्तीर्ण गरेपछि वैदेशिक रोजगारीका लागि कोरियन भाषा पढ्दैछन् । छोरी कक्षा ११ मा गाउँकै स्कुलमा पढिरहेको उनले बताए । 'अहिले छोराछोरी हुर्केबढेसँगै परिवारको खर्च बढ्दै गयो, थोरै खर्चले धान्न मुस्किल छ, व्यापार भने पहिलाको तुलनामा घट्दैछ । एक व्यक्तिको कमाइले जीविका चलाउन हम्मेहम्मे परेको छ । बाध्यताले गाउँगाउँमा राडीपाखी, गलैँचालगायतका कपडा बोकेर व्यापार गर्न हिँडेको छु', उनले भने ।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला


नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके